बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, सिन्धुली

सूचना नं. १४/२०८२/०८३

दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२८

## कृषि विकास कार्यालय, सिन्धुलीको कृषि उद्यमशिलता विकास कार्यक्रममा सहभागीताको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश अन्तर्गतको कृषि विकास कार्यालय, सिन्धुलीको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न मिति २०८२।०८।१२ गते प्रथम पटक सूचना प्रकाशन गरि आवेदन माग गरिएकोमा यस कार्यालयलाइ प्राप्त थप वजेट र परिमाणको परिधिभित्र रही कार्यक्रम कार्यान्वयन गर्न सिन्धुली जिल्लाका गत आर्थिक वर्षमा मन्त्रालय, कृषि विकास निर्देशनालय र यस कार्यालयबाट अनुदान प्राप्त नगरेका र चालु आ.व.मा कुनै निकायबाट कृषि अनुदान प्राप्त नगरेका इच्छुक निजी कृषि फर्म/कृषि कम्पनी, कृषक/कृषि उद्यमीले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (२०८२/११/१३ गते) सम्ममा कार्यालय समय भित्र आइ पुग्ने गरी देहाय बमोजिमका कागजात सहित तोकीएको निवेदनसाथ अनुसूची-३ बमोजिमको प्रस्ताव/आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। स्वीकृत कार्यक्रम "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वियन कार्यविधि २०८२" बमोजिम सञ्चालन हुनेछन । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। अनलाइन वा इमेलमार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | कार्यक्रमको कुल रकम (रु. लाखमा) | लक्षित लाभग्राही | न्युनतम मापदण्ड/ क्षेत्रफल | अनुदान रकम अधिकतम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि उद्यमशिलता विकास कार्यक्रम | संख्या | १७ | २३.८० | निजि कृषि फर्म/कृषि कम्पनी, कृषक/कृषि उद्यमी | कृषि उत्पादन, प्रशोधन र बजारीकरणसँग सम्वन्धी कृयाकलापहरु | प्रति साझेदार रु. २ लाख | |
| | जम्मा रु. | | | २३.८० | | | | |

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. अनुसूची-२ बमोजिमको आवेदन फर्म,
२. आवेदकको नागरिकताको प्रतिलिपि, सँस्था दर्ता स्थायी लेखा नम्बर (PAN) /मुल्य अभिबृद्धि कर (VAT), कर चुक्ता साथै सँस्था नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
३. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडामा लिएको भए सूचनाको म्याद कायम रहेको अन्तिम मिति सम्म फलफुल तथा अन्य बहुवर्षीय बालीका लागि न्युनतम १० वर्ष, स्थायी प्रकृतिका संरक्षित संरचना निर्माणका लागि न्युनतम १० वर्ष अन्य स्थायी संरचना निर्माणका लागि न्युनतम १५ वर्ष र एक बर्षीय बालीका लागि न्युनतम ३ वर्ष बाँकी अवधी भएको वडा कार्यालयवाट प्रमाणित करार सम्झौता पत्र,

Anup Adhikari
अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)

४. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
५. अनुसूची-४ बमोजिमको प्रतिपद्धता पत्र,
६. अनुसूची-५ बमोजिमको प्रस्तावित स्थान खुल्ने नक्सा,
७. अनुसूची-१५ बमोजिमको स्वघोषणा,
८. कार्यक्रममा सहभागी हुन सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
९. कार्यविधि बमोजिमका आवश्यक अन्य कागजात।

नोटः

- उल्लेखित बजेट र परिमाण यस कार्यालयलाई प्राप्त शुरुको बजेट र परिमाण तथा थप बजेट र परिमाण समेत गरि कायम हुन आउने अन्तिम बजेट र परिमाण रहेको छ,
- प्रथम पटक सूचना प्रकाशन गर्दा आवेदन पेश गरी प्रारम्भिक मूल्याङ्कनमा उतिर्ण भएका आवेदकहरुले पुनः आवेदन पेश गर्नुपर्ने छैन,
- प्रस्तावकले चालु आ.व. मा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोहि कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने तोकीएको ढाचामा स्वघोषणा पेश गर्नुपर्नेछ । अन्य निकायबाट दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अगाडी बढाइनेछ,
- आवेदन यस कार्यालयको इमेल *adosindhuli@gmail.com* मार्फत पेश गर्न सकिनेछ । इमेलबाट आवेदन पेश गर्दा आवश्यक सम्पुर्ण कागजातहरु स्पष्टसँग स्क्यान गरेर पेश गर्नुपर्नेछ, कुनै कागजात अपुग भई कार्यक्रममा छनोट हुन नसकेमा कार्यालय जवाफदेहि हुने छैन,
- प्रस्ताव पेश गर्न आवश्यक प्रस्ताव फारमहरु, एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वन कार्यविधि, २०८२ कृषि विकास कार्यालय सिन्धुलीको वेवसाइट http://sindhuli.akc.gov.np र कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश हेटौंडाको Websitehttp://molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिने छ।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज, फोन नं ०४७-५२१०४२ वा सम्बन्धित स्थानीय पालिकाको कार्यालयको सूचना पाटी तथा यस कार्यालयको वेवसाईट sindhuli.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)